नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

# कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगर, सुर्खेत

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९ साल कार्तिक २७ गते आईतवार।**

यस कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगर, सुर्खेत मातहत कर्णाली प्रदेश प्रहरी कार्यालय केनाइन शाखा सुर्खेत हाल कोहलपुर बाँकेमा रहेका कुकुरका लागि पशुपंक्षी आहार शिर्षक अन्तर्गत कुकुरदाना शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा आ.ब. २०७९।०८० अर्थात २०७९ साल माघ १ गते देखि २०८० साल पौष मसान्त सम्म वर्ष १ को लागि खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउ पत्र फाराम खरिद गरी १६ औं दिनको (मिति २०७८।०७।२७ गते मंगलवार देखी २०७९।०८।११ गते आईतवार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०७९।०८।१२ गते सोमवार) १२:०० बजे सम्ममा निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना Websitehttps://karnali.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ। विस्तृत विवरण बुझ्नु परेमा कार्यालय समय भित्र कर्णाली प्रदेश प्रहरी कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा सोझै सम्पर्क गर्न वा फोन नं.०८३-५२०८११ मा सम्पर्क गर्न सकिने छ।

निम्न:

१. खरिद गरिने पशुपंक्षी आहारको किसिम र परिमाण तथा प्राबिधिक बिवरण (स्पेशिफिकेसन) लगायत अन्य शर्तहरु शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुने छ।

२. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्रदाताहरुले मिति २०७९।०८।११ गते आईतवार सम्म कार्यालय समय भित्र तोकिएको शुल्क रू.१,०००।- (अक्षेरुपी एक हजार मात्र) (फिर्ता नहुने गरी) तिरी निवेदन सहित फर्म/ संस्था/ कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाण पत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७८।०७९ को कर विवरण पेश गरेको/ म्याद थप गरेको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत संलग्न राखी यस कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेत र जिल्ला प्रशासन कार्यालय, सुर्खेत समेतबाट दरभाउपत्र फाराम खरीद गर्न सकिने छ।

३. शिलबन्दी दरभाउपत्रदाताहरुले मिति २०७९।०८।१२ गते सोमवार १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ। सिलबन्दी दाखिला भएका दरभाउपत्रहरु सोही दिनको १४:०० बजे पशुदाना खरिद दरभाउपत्र मुल्याङकन समिति एवं उपस्थित प्रतिनिधि दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयभित्र दरभाउपत्रहरु खोलिने छ।

४. दरभाउपत्र फाराम साथ तोकिएको जमानत रकम रू.२४,४००।- (अक्षेरुपी चौबिस हजार चार सय) मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, सुर्खेतको धरौटी खाता ४०८००१०२०३०००००० (कार्यालय कोड नं.३१४०४६८०७) मा जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर वा "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पेश गर्नु पर्नेछ। बैंक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागि ७५ दिन मान्य अवधिको हुनु पर्नेछ।

५. दरभाउपत्र दाताहरुले सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) को नियम ४० उप - नियम २ (ङ) मा उल्लेख भए अनुसार खरिद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाँय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

कार्यालय प्रमुख
(पोष राज पोखरेल)
प्रहरी नायब महानिरीक्षक

६. रित नपुगी वा दरभाउपत्रहरुको सूचनामा निर्धारित समय नाघी पेश हुन आएको सिलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन ।

७. दरभाउपत्र फाराम शिलबन्दी गरी दरभाउपत्रको विषय, दरभाउपत्र पेश गर्ने कार्यालय वा अधिकारीको नाम र ठेगाना उल्लेख गरी पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्यसूची भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रतिदिन प्रति कुकुरको आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

९. एकब्यक्ति फर्म संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को ब्यक्ति फर्म संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

१०. कुकुरदाना (आहार) खरिद सम्झौता अवधिभर कुनैपनि मूल्यबृद्धि दिईने छैन, ढुवानी बापतको खर्च आपुर्ति कर्ता स्वयमले ब्यहोर्नु पर्नेछ

११. कुकुरदाना (आहार) यस कार्यालयमा राखिएको नमुना र दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको प्राबिधिक बिवरण (स्पेशीफिकेशन) बमोजिम गुणस्तर युक्त र नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप आपुर्ति गर्नुपर्ने छ । आपुर्तिकर्ताले कुकुरदाना आहारको नमुना १ (एक) किलो ग्राममा नघटाई शिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

१२. दरभाउपत्र स्वीकृत भई खरिद सम्झौताको लागि आउँदा दरभाउपत्रसाथ नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेको भए बार्षिक कबोल अंकको ५ प्रतिशत नगदै कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय सुर्खेतमा रहेको धरौटी खाता नं.४०८००१०२०३०००००० मा जम्मा गरी दोश्रो प्रति सक्कलै बैंक भौचर पेश गरी वा ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बार्षिक कबोल अंकको ५ प्रतिशत रकम बराबरको परफरमेन्स बण्ड (कुकुरदाना आहार खरीद सम्झौता अबधि भन्दा कम्तिमा १ महिना बढी मान्य अबधि भएको कार्य सम्पादन जमानत पत्र) पेश गरेपछी मात्र सम्झौता गरि गराई सम्झौता पत्र र कार्यादेश पत्र दिईने छ ।

१३. पेश्की लिनको लागि खरीद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अबधि भन्दा कम्तीमा १ महिना बढी अबधि मान्य हुने ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (जमानत) पेश गर्नु पर्नेछ ।

१४. प्रत्येक महिनाको रनिङ्ग बिलबाट भुक्तानी अङकको १.५ प्रतिशत अग्रिम आयकर वापत हुने रकम कट्टा गरी (फिर्ता नहुने गरी) आन्तरिक राजश्व कार्यालयमा दाखिला गरिनेछ ।

१५. कुकुरदाना (आहार) आपुर्तिकर्ताले नमूना बमोजिमको कुकुरदाना (आहार) आपुर्ति गर्न नसकेमा कुकुरदाना (आहार) खाने खुवाउने तर्फ कुनै बाधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई कुकुरदाना (आहार) खरिद सम्झौता रद्ध गरिने छ ।

१६. एक व्यक्तिको नाममा स्वीकृत भई सकेको दरभाउपत्रको स्वामित्व अर्को व्यक्ति वा फर्मलाई बेच बिखन तथा हस्तान्तरण गर्न पाईने छैन ।

१७. कुकुर दाना आपुर्तिकर्ताले नमूना तथा स्पेशिफिकेशन बमोजिमको राशन आपुर्ति गर्न नसकेमा वा कुनै बाधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कार्वाही उठाई खरिद सम्झौता रद्ध गरीने छ । त्यसरी रद्ध हुँदा कार्य सम्पादन जमानत जफत गर्नुको साथै बाँकी अवधिको लागि थप दायित्व श्रृजना भएमा आपुर्तिकर्ताबाट असुल उपर गरीनेछ ।

१८. राष्ट्रिय दैनिक गोरखापत्र, यस सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) र नेपाल सरकारको प्रचलीत कानून बमोजिम हुनेछ ।

प्रहरी नायब महानिरीक्षक
(पोषराज पोखरेल)